विधेयक संख्या: १८

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

२०८१

बागमती प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर

मा. किरण थापा मगर

मन्त्री

## उद्देश्य र कारण

बागमती प्रदेश सरकारको पुनर्गठन भई साविकको सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य विषय झिकी छुट्टै स्वास्थ्य मन्त्रालय गठन भएको परिप्रेक्ष्यमा बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यजिम्मेवारीसँग तादम्यता मिल्नेगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मा संशोधन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(किरण थापा मगर)
स्वास्थ्यमन्त्री

मा. किरण थापा मगर
मन्त्री

## आर्थिक टिप्पणी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यजिम्मेवारीसँग तादम्यता मिल्नेगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मा संशोधन गर्न बनेको प्रस्तुत विधेयकको कारणबाट प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिदैन।

(किरण थापा मगर)

स्वास्थ्यमन्त्री

**मा. किरण थापा मगर**

**मन्त्री**

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

यस विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छैन।

मा. किरण थापा मगर
मन्त्री

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| क्र.सं. | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम प्रदेशस्तरीय स्वास्थ्य प्रतिष्ठानहरुको स्थापना, सञ्चालन र नियमनको जिम्मेवारी स्वास्थ्य मन्त्रालयको हुँने हुँदा दफा २ को खण्ड (ट) मा "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ भनी परिभाषा गरिएको छ। |
| २. | ३ | प्रतिष्ठानको कर्मचारी भर्ना सम्बन्धी व्यवस्था प्रदेश लोकसेवा आयोगबाट गरिने भएकोले दफा ५ को खण्ड (घ) मा रहेको सेवा आयोग झिक्ने प्रस्ताव गरिएको छ। |
| ३. | ४ | • प्रदेश सरकारको प्रमुख सचिवलाई प्रतिष्ठानको सभामा सदस्य राख्दा प्रशासनिक विज्ञताको उपयोग हुने देखिएकोले दफा ७ को उपदफा (२) को खण्ड (च१) मा सो व्यवस्था राख्न प्रस्ताव गरिएको छ।<br>• स्वास्थ्यसँग सम्बन्धित प्रतिष्ठान भएकोले प्रदेश सरकारको स्वास्थ्य सचिवलाई प्रतिष्ठानको सभामा सदस्य राख्दा प्रतिष्ठान र स्वास्थ्य मन्त्रालयबीच समन्वय र सहकार्यमा अभिवृद्धि हुँने देखिएकोले दफा ७ को उपदफा (२) को खण्ड (छ१) मा सो व्यवस्था राख्न प्रस्ताव गरिएको छ।<br>• प्रतिष्ठानको सभामा सदस्य सचिवको व्यवस्था नरहेको परिप्रेक्ष्यमा प्रतिष्ठानको रजिष्ट्रारलाई सदस्य सचिव तोकेमा सभाको सञ्चालन र व्यवस्थापनमा सहजता आउने देखिएकोले दफा ७ को उपदफा (२) को खण्ड (त) मा सो व्यवस्था राख्न प्रस्ताव गरिएको छ। |
| ४. | ५ | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम स्वास्थ्य मन्त्रालयको कार्य जिम्मेवारीभित्र स्वास्थ्य प्रतिष्ठान पर्ने भएकोले दफा १७ को उपदफा (२) मा प्रदेशको सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रीलाई प्रतिष्ठानको सहकुलपति तोक्न प्रस्ताव गरिएको छ। |

मा. किरण थापा मगर
मन्त्री

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधन:** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को खण्ड (घ) झिकिएको छ।

४. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ उपदफा (२) को,-

(१) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य"

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) सचिव, स्वास्थ्य विषय हेर्ने मन्त्रालय - सदस्य"

(३) खण्ड (ण) पछि देहायको खण्ड (त) थप गरिएको छः-

"(त) रजिष्ट्रार, प्रतिष्ठान - सदस्य सचिव"

५. **मूल ऐनको दफा १७ मा संशोधन:** मूल ऐनको दफा १७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।"

मा. किरण थापा मगर
मन्त्री

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको तिन महले विवरण**

| क्र. सं. | ऐनको दफा/उपदफा/ खण्ड | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (ट) मा संशोधन | (ट) " "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।" | (ट) " "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।" | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा स्वास्थ्य मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत "प्रदेशस्तरीय अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरुको स्थापना, सञ्चालन र नियमन " उल्लिखित भएकोले "सामाजिक विकास मन्त्रालय" को सट्टा "स्वास्थ्य विषय हेर्ने मन्त्रालय" राख्न आवश्यक भएकोले। |
| २. | दफा ५ को खण्ड (घ) मा संशोधन | (घ) " सेवा आयोग" | झिकिएको। | सेवा आयोग नरहने भएकोले। |
| ३. | दफा ७ को उपदफा (२) को खण्ड (च) पछि खण्ड (च१) थप। खण्ड (छ) पछि खण्ड (छ१) थप। खण्ड (ण) पछि | साविकमा नभएको | "(च१) " प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य"<br>"(छ१) " सचिव, स्वास्थ्य विषय हेर्ने मन्त्रालय- सदस्य"<br>"(त) " रजिष्ट्रार, प्रतिष्ठान - सदस्य सचिव" | सभामा प्रदेश प्रशासनिक प्रमुखको रुपमा रहेका प्रमुख सचिव सदस्य रहनु उपयुक्त भएको, स्वास्थ्य सम्बन्धी प्रतिष्ठान भएकोले स्वास्थ्य विषय हेर्ने मन्त्रालयको सचिव सदस्य रहनु उपयुक्त |

मा. किरण थापा मगर
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | खण्ड (त) थप। | | | भएको र सभामा रजिष्ट्रार सदस्य नभएको तथा सदस्य सचिवको पनि व्यवस्था नभएको देखिदा रजिष्ट्रारलाई सदस्य सचिवको व्यवस्था गर्नु उपयुक्त र आवश्यक भएकोले। |
| ४. | दफा १७ को उपदफा (२) मा संशोधन | (२) "प्रदेशको सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।" | (२) " प्रदेशको सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।" | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा स्वास्थ्य मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत " प्रदेशस्तरीय अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरुको स्थापना, सञ्चालन र नियमन " उल्लिखित भएकोले स्वास्थ्य मन्त्रालय अन्तर्गत सो कार्य जिम्मेवारी रहेको हुँदा "सामाजिक विकास मन्त्री" को सट्टा " स्वास्थ्य विषय हेर्ने मन्त्री" राख्न आवश्यक भएकोले। |

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय हेटौंडा, नेपाल

मा. किरण थापा मगर
मन्त्री